# उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूका लागि नार्कोनन लागुपदार्थ शिक्षा पाठ्यक्रम : गैर-अनियमित, नियन्त्रित रोकथाम परीक्षण

१९ मार्च २००८

रिचार्ड डी. लेन्नोक्स, पिएच.डी
तथा मारि ए. सेस्चिनी, एम्.एस्

# उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूका लागि नार्कोनन लागुपदार्थ शिक्षा पाठ्यक्रम : गैर-अनियमित, नियन्त्रित रोकथाम परीक्षण

रिचार्ड डी. लेन्नोक्स
साइकोमेट्रिक्स टेक्नोलोजीज, इन्कर्पोरेटेड,
२४०४ वेस्टर्न पार्क लेन, हिल्सबोरो, NC २७२७८, अमेरिका

मारि ए. सेस्चिनी
इनडिपेन्डेन्ट रिसर्च कन्सल्टेन्ट
१०८४१ वेस्कोट एभेन्यू, सनल्याण्ड, CA ९१०४०, अमेरिका

# उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूका लागि नार्कोनन लागुपदार्थ शिक्षा पाठ्यक्रम : गैर-अनियमित, नियन्त्रित रोकथाम

रिचार्ड डी. लेन्नोक्स, पि.एच्.डी र मारि ए. सेस्चिनी, एम्.एस्.
सहकर्मीद्वारा मादकपदार्थ दुर्व्यसनी उपचार, रोकथाम, र नीतिका
विषयमा समीक्षा तथा प्रकाशित गरिएको

## कार्यकारी सारांश

### परिचय

वार्षिक मापदण्ड अध्ययन, मोनिटरिङ द फ्युचर [Monitoring the Future (MTF)] ले विगत केही सर्वेक्षण वर्षमा लागू औषध सेवनमा थोरै गिरावट भएको पाएको भए तापनि, वार्षिक रूपमा मदिरा, सुर्तीजन्य पदार्थ र अन्य लागू औषधहरू सेवन गर्नमा संलग्न हुने १२-१७ वर्ष उमेरका युवायुवतिहरूको सङ्ख्या यु.एस. मा १३ मिलियन रहेको अनुमान छ, जुन सन् १९८० को दशक देखि सन् १९९२ सम्ममा देखिएको घट्दो प्रवृतिको तुलनामा उच्च नै रहेको छ ।

समस्या क्षेत्रका केही उदाहरणहरूमा निम्न पर्दछन्: सन् १९९९ मा उमेर नपुगेका उपभोक्ताहरूले मदिरामा (कुल $११६.२ बिलियन मध्ये) अनुमानित $२२.५ बिलियन खर्च गरेको; सन् १९९२ देखि सन् २००३ को अवधिमा नियन्त्रित प्रिस्क्रिप्सन औषधिहरू दुरुपयोग गर्ने १२ देखि १७ वर्ष उमेरका युवायुवतिहरूको सङ्ख्या २१२ प्रतिशतले वृद्धि भएको (जुन यो अध्ययनको अवधिमा झन खराब भएको छ); र सन् २००१ मा ११,२४,००० युवायुवतिहरूले दुखाइ कम गर्ने औषधिहरू दुरूपयोग गर्न थालेको, जुन गाँजा सेवन गर्न थाल्नेहरूको सङ्ख्या, १७, ४१,००० पछिको ठूलो सङ्ख्या हो ।

यो अध्ययन हुँदाखेरि, अमेरिकामा (OxyContin, Valium र Ritalin सहित) नियन्त्रित प्रिस्क्रिप्सन औषधिहरू दुरुपयोग गर्नेहरूको सङ्ख्या गाँजा, मदिरा र सुर्ती पछि चौथो ठूलो थियो ।

रोकथामका प्रयासहरू असफल हुँदा भारी मूल्य चुकाउनुपर्छ । सन् २००५ मा, कुनैपनि लागू औषध सेवनको लागि ग्रेड ८, १० र १२ का विद्यार्थीहरू जीवनकाल भर सोको दुर्व्यसनीमा रहने दर क्रमश: २१%, ३८% र ५०% थियो। लागू औषध सेवन गर्ने सबै विद्यार्थीहरूमा यस्ता समस्याहरू उत्पन्न

नहुने भए तापनि, सन् २००२ मा मदिरा दुर्व्यसन तथा निर्भरतासँग सम्बन्धित लागतहरू उत्पादकत्व गुमेको, स्यास्थ्य सेवा, फौजदारी न्याय, र समाज कल्याणमा गरी लगभग $१८०.९ बिलियन रहेको अनुमान छ। लागू पदार्थको दुर्व्यसनीमा फसेपछि धेरै युवाहरूमा श्रेणी कम हुने, विद्यालयमा उपस्थित नहुने, अपेक्षाहरू कम हुँदै जाने, र विद्यालय छोड्ने निर्णयहरू लिने जस्ता शैक्षिक समस्याहरू देखा पर्ने गर्छ । वास्तवमा, विदयार्थीहरूले चुरोट, मदिरा, गाँजा, कोकेन वा अन्य लागू औषधहरू जति बढी प्रयोग गर्छ, उनीहरूले विद्यालयमा खराब प्रदर्शन गर्ने, विद्यालय छोड्ने वा उच्च शिक्षा हासिल नगर्ने सम्भावना त्यति नै बढी हुन्छ ।

राष्ट्रिय लागू औषध नियन्त्रण कार्यालय (ONDCP) र शिक्षा विभागको लक्ष्य र जन स्वास्थ्य कार्यसूची अनुरूप नार्कोनन कार्यक्रमको मुख्य लक्ष्य समाजमा लागू औषध दर्व्यसनी रोकथाम गर्नु र उन्मूलन गर्नु हो । यदि किशोरावस्थाको सुरूमा नै उनीहरूलाई मदिरा वा अन्य लागू औषध सेवन गर्नबाट रोक्न सकियो भने पछि गएर लागू औषध दुर्व्यसनीमा फस्ने वा अन्य जोखिम व्यवहारहरूलाई कम गर्न वा रोकथाम गर्न सकिन्छ भन्ने कुरा अध्ययनले देखाएको छ । यद्यपि यो लक्ष्य हासिल गर्नको लगि के-कस्ता नीति र रणनीतिहरू लागू गर्नुप्रबे हो त्यस सम्बन्धमा परिचर्चा गर्न भने बाँकी नै छ । विगत ४० भन्दा बढी वर्ष देखि, नार्कोननका लागू औषध रोकथाम विशेषज्ञहरूले विद्यालयको पाठ्यक्रममा समेटिएका सामग्रीहरूलाई अझ स्पष्ट बनाइ विद्यमान रोकथामका उपायहरूलाई अझ प्रभावकारी बनाउने प्रति लक्षित सेमिनारहरू आयोजना गर्दै आएका छन् । सन् २००४ मा, नार्कोनन इन्टर्नेशनलले एल. रोन हब्बार्डका अनुसन्धान तथा लेखमा आधारित उच्च विद्यालय उमेरका विद्यार्थीहरुका लागि आठ मोड्युलमा लागु औषध पाठ्यक्रम बिकास गर्यो जसलाई स्वतन्त्र नार्कोनन लागु औषध पुनर्स्थापनाका पद्दतिको रुपमा लिइयो । कार्यक्रम निर्माताहरुले कार्यक्रम अघि नै विद्यार्थीको पृष्टपोषण लिए र गुणात्मक व्यवस्थापन प्रणालीका सर्वेक्षणहरु संकलन गरे जुन कार्यक्रमको शुरु देखि नै रही आज सम्म निरन्तर छ । उच्च बिद्यालयका बिद्यार्थीहरुको मुख्य समस्यालाइ सम्बोधन गर्ने उक्त शिक्षाको पाठ्यक्रम प्रमाण मा आधारित भै रोकथाममुलक सिद्दान्त प्रतिपादनमा केन्द्रित छ ।

उच्च बिद्यालय उमेरका विद्यार्थीहरुका लागि आठ मोड्युलमा लागु औषध पाठ्यक्रम अन्तर्गत सुर्ती, अल्कोहल, गाँजा र सामान्य "कडा लागु औषध" सम्बन्धि बिषय बस्तुको रोकथाम गर्ने रणनीतिहरु संयोजित छन । स्वास्थ्य सम्बन्धि उत्प्रेरणा, सामाजिक सिप, सामाजिक प्रभाव र ज्ञान बर्धक क्रियालपहरुले लागु औषध दुरपयोग र दुर्व्यसनीको सुरुवात एबम अनेकौं खतराहरुलाई सम्बोधन गर्दछन । यस अध्यनको उद्धेश्य भनेको युवाहरुको लागु औषध प्रयोग गर्ने व्यवहार, प्रवृति र ज्ञान परिबर्तन गर्ने कार्यक्रमको क्षमता विकास गरि उनिहरुअमा रोकथामका सिद्दान्त संगै नार्कोनन लागु औषध रोकथाम पाठ्यक्रमको अंगहरु मुल्यांकन गर्न सहयोग गर्नु हो ।

# पद्दति

## नमुनाको बिवरण

नार्कोनन स्टाफहरुले दुई राज्यका १४ बिद्यालयहरु छनौट गरे । बिद्यालयहरुको आकार, समुदायको आकार एबम साधारण जातियताको आधारमा बिद्यालयहरुलाई शिक्षा दिने वा समुह नियन्त्रण गर्ने काम दिइयो । बिद्यालयहरु तिनवटा परिक्षणका बुंदाहरु पुरा गर्न सहमत भए - आधारभूत, झन्डै एक महिना पछी र छ महिना पछी गरिने एउटा अनुगमन । नार्कोनन लागु औषध शिक्षाको पूर्ण पाठ्यक्रम कि त आधारभूत सर्वेक्षण (शिक्षा अवस्था) वा अन्तिम छ महिनाको सर्वेक्षण (अवस्था नियन्त्रण) पश्चात लागु गरियो । पाठ्यक्रम संचालनको इमान्दारिता सहजकर्ताको प्रतिबेदन बाट प्रमाणित गरियो ।

अविभावकको अनुमति प्राप्त गरिसके पश्चात, ओक्लाहामामा २३६ नियन्त्रण समूह र २२४ प्रयोगत्मक समुहका विद्यार्थी एबम हवाइमा २९५ नियन्त्रण समुह एबम २२० प्रयोगात्मक समुहका विद्यार्थी थिए । बिद्यार्थीहरुलाई स्वेक्स्छिक सहमति एबम गोपनियता बारे ब्याख्या गरियो । बेसलाइन सर्वेक्षण पश्चात, २६ सहभागीहरुको समुह केहि कारण सहित अध्यन बाट निस्किए । लैंगिक वा जातीय वा सिमान्तकृत समुहको कुनै प्रतिनिधित्वको व्यवस्था कायम गरिएन ।

कोपर्निकस समुह IRBले अध्यन प्रोटोकल र सहमतिको पुनरावृति एबम प्रमाणीकरण गर्यो । प्रत्येक बिद्यार्थीलाइ कक्षाकोठाको रोस्टरमा आधारित फरक पहिचानको नम्बर प्रदान गर्ने सर्वेक्षण स्टाफलाइ मानब सहभागी सुरक्षाले प्रमानित् गर्यो । गोपनीयताका लागि, विद्यार्थीहरुले उनीहरुको बिशेष प्रकारको फरक पहिचानको नम्बर राखिएको उत्तर स्ट्याण्डरड बबल उत्तर फारममा चिनो लगाए । हरेक सर्वेक्षणको बिन्दुमा त्यहि पहिचान नम्बर प्रदान गर्न रोस्टर र पहिचान कोड प्रयोग गरियो जसले प्राप्त उत्तरको तुलना गर्न सहज तुल्यायो । यो बिस्वब्यापी कक्षाकोठाको जनसंख्या, जहाँ अधिकांस युवाहरु लागु औषधको प्रयोग गर्दैनन् त्यहाँ टेस्ट गरिएका चरहरुको फरक छुट्याउन आवस्यक पर्ने तथ्यांकीय शक्ति प्रदान गर्ने नमुना छनौटको रणनीति पनि हो । पुरा गरिएको उत्तरका फारमहरु प्रत्येक विद्यार्थीको नजिकै शिलबन्दि खाममा राखी र सर्वेक्षण स्टाफलाइ फिर्ता गरिए जुन स्क्यान डाटा इन्ट्री, डाटा म्यानेजमेन्ट र तथ्यांकीय बिस्लेशनका लागि मुख्य अनुशन्धानकर्मीलाई मेल गरियो ।

## लागु औषध शिक्षाको हस्तक्षेप

अध्यन डिजाइनले प्रयोगात्मक अवस्थामा भर्ति भएका बिद्यालयहरुलाई पूर्ण लागु औषध शिक्षा पाठ्यक्रम प्राप्त गर्न अनुरोध गर्यो । व्यवसायिकरुपमा तालिम प्राप्त सहजकर्ताहरुले व्यवस्थित संचालन म्यानुअल मार्फत दैनिक आज्ञापालन प्रतिबेदन पुरा गरे । व्यवस्थितरुपमा तयार गरिएको नार्कोनन लागु औषध रोकथाम पाठ्यक्रम सामग्री ले सहजकर्ताहरुलाई कार्यक्रमको स्ट्यान्डरड र कार्यक्रम इमान्दारिता संचालन गर्न सहयोग गर्यो ।

## नतिजा उपाय

लागु औषध दुर्व्यसन रोकथाम केन्द्र (CSAP) को प्रयोग गरि " गत ३० दिनमा प्रयोग भएको लागु औषध " प्राथमिक नतिजा उपाय थियो । पार्टीसिपेन्ट आउटकम मिजर्स फर डीसक्रिसनरि प्रोग्रामले CSAP ले फन्ड गरेको लागु औषध दुरुपयोग रोकथाम कार्यक्रमका लागि नतिजा उपाय डिजाइन गर्यो जुन टेस्ट डिजाइन पुर्ब वा पश्चातको प्रयोजनका लागि सुझाइयो । (फारम ओएमबि न.) ०९३०-०२०८ म्याद सकिने मिति १२/३१/२००५: २२ वटा लागु औषधको दुरुपयोग र प्रयोग बरम्बरता बारे प्रश्नहरु लक्षित गरियो जसमा भविष्य सर्वेक्षण अनुगमनका १२ प्रश्नहरु पनि समाबेश गरिएका थिए ।

सीएसएपी साधनले मुल्यांकन गरेको दितीय नतिजाहरुमा लागुपदार्थको दुरुपयोगको चुनौती दृष्टिकोण, मनोवृत्ति र निर्णयहरु रहेका छन् । यसमा अरु पाच प्रस्नहरु भबिस्यको सर्वेक्षणको अनुगमनबाट पनि रहेको छ जसले लागु औसध बाट हुने कथित हानिको बारेमा सोध्छ । अरु चार प्रस्नहरु चुनौतीको बिद्यार्थी सर्वेक्षण र सुरक्षा कारकहरुबाट रहेका छन् जसले लागुपदार्थ दुरुपयोगको मनोवृत्तिहरु बारे सोध्छ । मानिसहरुको व्यवहार र आस्था परिवर्तन हिसाब गर्नुको अलावा यी प्रश्नहरुले राज्य र रास्ट्रिय नियमहरुको तुलना गर्न पनि सहयोग गर्दछन ।

अझ भनौ कार्यक्रम विकासकर्ताहरुले २५ प्रस्नहरु सिफारिस गरे जुन सीएसएपी सर्वेक्षणमा थपिएको थियो । उनीहरुको उदेश्य भनेको नार्कोनोन कार्यक्रमले समेटेको लागुपदार्थ सम्बन्धि अवधारणाहरु

मुल्यांकन गर्नु हो । त्यस साथसाथै प्रत्येक कार्यक्रम प्रापकले उक्त शिक्षा बारे राम्ररी बुझे बुझेनन् र उनीहरुले कुन हदमा अनुगमन बिन्दु सम्म कायम राखेका छन् र बिद्यार्थीहरुले कार्यक्रमको मुख्य अवधारणाहरु लागु गर्न सकेका छन् कि छैनन् त्यो थाहा पाउनु पनि अर्को उधेष्य हो । कार्यक्रम बिकासकर्ताको प्रस्नहरु समीपस्थ प्रभावहरु मुल्यांकन गर्न डिजाइन गरिएको थियो जसमद्धे कार्यक्रमको कार्यक्रम सामग्रीहरु स्मरण गराएर शिक्षित पार्ने क्षमता एक हो । बिद्यार्थी क्षमताले कार्यक्रम सिपहरु जस्तै लागु औसध प्रयोग, पहिचान र त्यस्ता चिजहरु बाट सिर्जित दबाबहरु बिरोध गर्ने तरिकाहरु थाहा पाउनु र निर्णय बनाउनु जस्ता आत्म वर्णित क्षमताहरुको छाप देखाउनु पनि अरु कारणहरु हुन् ।

### तथ्यांक विश्लेषण

गैर-अनियमित डिजाइनले परम्परागत विश्लेषणको आवस्यकता भएको जनाउँछ - जहाँ खटिएका प्रयोगात्म समूह र अवस्था नियन्त्रण समुह समान हुन्छन भन्न सकिन्न । यसो भएकाले अध्यनले कबराइन्स (ANCOVA) को विश्लेषण प्रयोग गर्यो ।

## परिणामहरुः

### नार्कोनन पाठ्यक्रमका अंगहरुको मुल्यांकन

**टेबल १** थुप्रै लागु औषध रोकथामका कार्यक्रमहरुले प्रयोग गरेका मुख्य धारणामा आठ वटा पाठ्यक्रम सत्रको रुपरेखा तय गर्नुहोस । यस अन्तरक्रियात्मक पाठ्यक्रमले फिल्डमा पाइने टक्सिकोलोगी, फरेन्सिक बिज्ञान, पोषण, मार्केटिंग, फार्मकोलोगी र थुप्रै यस्ता बिज्ञान प्रक सूचना हरु सम्प्रेषण गर्दछ । कार्यक्रम सामग्रीहरुमा श्रब्य दृश्य सामग्री, स्पस्ट पाठ योजनाहरु हुन्छन जुन नितान्त गुण व्यवस्थापन औजार जस्तै हरेक सेसनमा अज्ञात बिद्यार्थी प्रश्नावली र परि आउने समस्या/प्रश्न व्यवस्थापन गर्न सहजकर्तालाई लग सिटको सहायतामा संचालन गरिन्छ ।

सहजकर्ताहरुको तालिमले संचारको प्रभाकरिताको महत्व र विद्यार्थीले प्रश्न गर्ने, व्यक्तिगत अवस्थाको छलफल गर्ने र सक्रिय सहभागिता जनाउने बातावरण सिर्जना गर्न जोड दिन्छ ।

### नार्कोनन लागु औषध शिक्षाको पाठ्यक्रमको लागु औसध प्रयोगमा हुने प्रभावलाइ पाठ्यक्रम प्राप्त नभएको क्षेत्र संग तुलना गरियो ।

अनुगमनका क्रममा, टेबल ४ मा देखाइए जस्तै, नियन्त्रण समुह बाहेकका लागु औषध कार्यक्रमका बिद्यार्थीहरु कम मात्रामा लागु औषध प्रयोग गर्ने अवस्थामा पुगी सकेका हुन्छन । बेसलाइनमा मापन गरिएको समुहको लागु औषध प्रयोगमा समानता पाइए लागु औषध शिक्षा पाठ्यक्रमले फरक पारेको विश्वसनीयतामा यो स्वोरुप एक्लैले सहयोग गर्दछ ।

अनेक लागु औषध प्रयोगको कमीले तथ्यांकीय महत्व प्राप्त गर्दछ । निस्चित परिक्षणका बिशेसताहरुले कार्यक्रमको प्रभावकारितालाई इंगित गर्दछन । बिगत ३० दिनमा प्रयोग गरिएको अल्कोहल, सुर्ती र गाँजाको प्रयोगको क्षेत्र उच्च बिद्यालयका बिद्यार्थी हरुको जनसंख्या संग सान्दर्भिक रह्यो । जसमा सबै भन्दा बढी चुरोटको प्रभाव देखियो भने त्यस पछी धुवा रहित सुर्ती एबम चुरोटको बारम्बारता बढी पाइयो । गाँजाको मात्रा र बारम्बारता तथ्यांकीय हिसाबमा उल्लेख्य रहे । अल्कोहल प्रयोगमा बदलि र मात्दा यसले न्यून असर पार्यो ।

"कडा लागु औषधहरु" मध्य, यी युवाहरुमा एम्फेटामिन्स केहि हद सम्म पाइयो र यस पाठ्यक्रमले उल्लेखनीय रुपमा त्यसलाई घटायो ।

लागुऔसध शिक्षा र नियंत्रण समूहहरु बीच हुने विश्वव्यापी र कक्षाकोठामा आधारित हस्तक्षेप बारे साहित्यमा हुने फरकहरु मिल्दो हुन्छन जहाँ लागुऔसध प्रयोगको तथ्यांक आफ्नै रिपोर्टबाट पाइएको हुन्छ र लागुपदार्थको स्तरहरुको प्रयोग युवाहरुको एउटा सानो उपसमूहमा उच्च हुन्छ ।

## लागु औषध वा प्रयोग सम्बन्धि खतराको दृष्टिकोण र धारणामा नार्कोनन लागु औषध शिक्षा पाठ्यक्रमको प्रभाव उक्त पाठ्यक्रम प्राप्त नभएका क्षेत्रहरु संग तुलना गरियो । कार्यक्रममाभाग लिएको छ महिना भएपछि आधारभूत फरकहरु नियन्त्रण गरेपछि नियंत्रण समूहमा त्यहाँ

एउटा ठुलो प्रवृत्ति रहेको थियो, छ महिनाको अनुगमन पछि मदिरा सेवन गर्ने भन्ने योजना रहेको थियो । उक्त योजना लागुऔसध शिक्षा कार्यक्रम समूहसंग तुलना गरियो र नियंत्रण समूह बीचमा चुरोट पिउन अझ मजबुत निर्णय गरियो । तुलनात्मक रुपमा, लागु औषध शिक्षा उपचार समुहले लागु औषध मुक्त जिबन शैलीको बारेमा नियन्त्रण समूह भन्दा दृढ प्रतिबद्धता ब्यक्त गरे ।

छैठौ महिनाको अनुगमनमा असरको खतराबारे सोधिएको पाच प्रश्नमा ४ वटा मुल्याङ्कनमा पर्नु तथ्यांकगत हिसाबले उल्लेखनीय हुन् । महत्वपुर्ण किसिमले लागुऔसध शिक्षा कार्यक्रम समूहमा धेरै बिद्यार्थीहरु हुनुले एउटा प्रस्नमा ठुलो चुनौती थप्यो “मान्छेहरुले आफुलाई कति हदसम्म( भौतिक वा अरु कुनै) हानि पुर्याउछन् उनीहरुले एकपल्ट, दुइपल्ट वा नियमित रुपमा गाजा खाएर । यी प्रवृत्तिहरु बिकासकर्ताले दिएको सुझाव लागुऔसध शिक्षा कार्यक्रममा सहभागी भएका र लागुऔसध खराब हो भन्ने प्रवृत्ति पाइरहेका युबाहरु मा प्रस्नहरु पनि प्रतिबिम्बित हुन्छन ।

## नार्कोनोन लागुऔसध शिक्षा पाठ्यक्रममा समेटिएको सामग्री र पाठ्यक्रम नपाएको अरु ठाउँहरु संग तुलना अवशोषित गर्ने क्षमता ।

टेबल ९मा देखिएझैं, लागुऔसध शिक्षा कार्यक्रममा भाग लिएको छ महिना पछि, महत्वपुर्ण किसिमले धेरै बिद्यार्थीहरु जसले लागुऔसध शिक्षा पाठ्यक्रम प्राप्त गरे, उनीहरु कार्यक्रमको सामग्री अनुरुप सबै १९ सामाग्रीहरु र आधारभूत चरणमा हुने फरकहरु नियन्त्रण गर्ने तरीकाहरू को मिल्दो जवाफ दिनसक्थे । चासोको हिसाबमा, लागु औषध शिक्षा कार्यक्रममा सहभागी विद्यार्थीले अल्कोहल पनि लागु औषध हो र बैधानिक र अबैधानिक दुवै लागु औषध हो भन्ने बारेमा राम्ररी बुझे । बेसलाइनका क्रममा, धेरै बिद्यार्थीहरुले लागु औषधले पोषणमा पर्ने असर बारे कमै मात्र प्रसंशा गरे जुन पछी कार्यक्रमले सुधार गर्यो ।

कार्यक्रमले गाँजा बारे रहेको आम गलत धारणा- यो प्राकृतिक रुपमा उत्पादन हुने भएकाले यसका रसायनहरु कमै हानिकारक हुन्छन- बारेमा पनि सुधार गर्यो । बिद्यार्थीहरुले लागु औसध सामाजिक असरको मुख्य स्रोत मिडियाका प्रचार प्रसार नै हुन् भन्ने कुरा सहि रुपमा पहिचान गर्यो । लागु औशाध्ले मस्तिस्क र शरीरमा व्यापक असर गर्दछ भन्ने सन्दर्भमा लागु औषध शिक्षा पाठ्यक्रम प्राप्त बिद्यार्थीहरुले गहन बुझाई प्रस्तुत गरे । धेरै का प्रस्न उत्तरले यहि कुरा इंगित गर्यो ।

विद्यार्थीको निर्णय र व्यवहार बारे ६ विद्यार्थीलाई प्रश्न गर्दा तिनजनामा उल्लेख्य परिबर्तन पाइयो । लागु औषध रोकथाम समुहका बिद्यार्थीहरुले धेरै हद सम्म उनीहरुलाई लागु औषध सम्बन्धि निर्णय लिन ज्ञान रहेको इंगित भयो । रोचक कुरा त, लागु औषध रोकथामका विद्यार्थीमा कसैले त्यस्ता लागु औषध लिन गरेको दबाबको बिरोध गर्ने धेरै क्षमता भएको पाइयो । यद्यपि, उनीहरुले पहिला उत्तर दिंदा पनि आफुमा यस्तो क्षमता भएको बताएका थिए । “लागु औषधहरु बास्तबमै त्यति खराब हैनन्” भन्ने भनाईमा “गलत” भन्ने बिद्यार्थीहरुमा ठुलो परिवर्तन देखियो ।

## छलफल

यस अध्यनको उद्देश्य भनेको नार्कोनन लागु औषध शिक्षा कार्यक्रमले बिस्वब्यापी कक्षा कोठा सेटिंगमा विद्यार्थीहरुलाई लागु औषध व्यवहार सम्बन्धि दिर्घकालिन प्रभाव राख्न सकोस भनि क्षमता मुल्यांकन गर्नु हो । धेरै हद सम्म, बेस्लाइन सर्वेक्षणका प्रतिक्रियाहरु बृहत राष्ट्रिय सर्वेक्षणमा पाइएका लागु औषध प्रयोगको तरिका संग मिल्द जुल्दा छन् । प्रयोगको अगावै तहहरुको नियन्त्रण पछि, लागु औसध शिक्षा समुहमा लागु औसध रोकथाम पाठ्यक्रम प्राप्त गरेपछि उनीहरुको तत्कालको लागु पदार्थ सेवन निकै कम भयो तुलना गरिने अर्को समूहको बिद्यार्थी भन्दा । महत्वपूर्ण कमिहरु मादक पदार्थ, सुर्ती र गाँजाका लागि राखिएको थियो - लागुपदार्थ दुर्बेसनको यो जनसंख्याको लागि महत्वपूर्ण वर्गहरु - र निश्चित वर्ग को “कडा लागु औषध जस्तै नियन्त्रण र सुझाबमा प्रयोग हुने कडा लागु औषधहरु जस्तै कोकिन । टेबल ४ मा देखाइएको नतिजाहरुले प्रत्येक वर्गमा लागु औषध शिक्षा कार्यक्रमको लागि प्रस्ट र बिस्वासिलो प्रवृति लागु औषध व्यवहारमा कम गर्न निर्माण गर्छ ।

तथ्यांकले नार्कोनन कार्यक्रमको बास्तबिक संसारको जाच सामान्य अवस्थामा कक्षाकोठामा आधारित हस्तक्षेप संचालन गर्नु हौसालापूर्ण काम हो । बिद्यालयहरु सेसनमै हुदा कार्यक्रम संचालन गर्न देखिएका यस कार्यक्रमका आत्म प्रतिबेदक प्रश्नावली मुल्यांकन लगायतका प्रभावकारिता प्राकृतिक बाधाहरु ले सापेक्ष रुपमा धेरै टर्मका गल्ति सहितका लागु औषध शिक्षा समुह र नियन्त्रण समुहबीच मापनयोग्य फरकतिर मार्ग प्रदर्शन गरेको छ ।

सीएसएपी सर्वेक्षण पद्दतिको प्रयोगले लागु औषध प्रयोगमा सक्दो कमि ल्याउदैन र त्यो यो सर्वेक्षणको उदेश्य पनि हैन । खास रुपमा उच्च जोखिममा परेका किशोर किशोरीहरूको समूह छान्नु भन्दा बिस्वब्यापी दर्शक जाचेर प्रत्येक वर्गको बिद्यार्थी प्रतिक्रियाहरुमा हुने गणितीय फरकहरु भद्र रहे किनभने बेस्लाइनमा बहुसंख्यक बिद्यार्थीहरुले लागुपदार्थ सेवन नगरेको पाइयो ।

सीएसएपी प्रस्नहरुले परिकल्पनाले ल्याउने प्रवृति र विश्वासहरु जुन लागु औषध शिक्षा कार्यक्रमद्वारा परिवर्तन गर्न मिल्छ र लागु औसध दुर्ब्येसनको असरको लागि मध्यवर्ग बाट बिबाद गर्ने कामहरु जाचछन् । रोचक कुरा त, उक्त समयमा नया ज्ञान के भयो भन्ने बारे लक्षित प्रश्नमा निकै उत्साहजनक परिबर्तका तथ्यांकहरु प्राप्त भए ।

नार्कोनन कार्यक्रम प्राथमिक रुपमा शैक्षिक रणनीति (लागु औषध दुर्व्यसनी उपचार बर्गिकरण केन्द्र) भएता पनि यस कार्यक्रममा मुख्य रोकथामका सिद्दान्तहरु निहित छन् । पाठ्यक्रम भरि ससक्त संचारलाइ जोड दिईएको छ जसले गर्दा प्रत्येक तत्वहरु थप्न सकियोस् । विद्यार्थी अन्तरक्रिया र बिद्यालय पछिको मेडिया र अन्य वातावारनिय प्रभाव तथा सामाजिक बारे व्यक्तिगत अनुसन्धानले क्षमता सुधार गर्न सकिन्छ । बिज्ञानमा आधारित सुचनाहरु प्रस्तुत गरिएका छन् , र बिद्यार्थीहरुले आफ्नो क्षमता बिकासलाइ लक्षित गरेर आफ्नो अभ्यास पुरा गर्दछन । याले धेरै श्रोतबाट प्राप्त सूचना र सन्देस ठिक तुल्याउने क्षमता अभिब्रिद्दी पनि गर्दछ ।

ज्ञानको महत्वको सम्बन्धमा, पहिला आएका रोकथामका कार्यक्रमहरुले व्यक्तिलाई अल्कोहल र अन्य लागु औषधको असरबारे सहि तथ्य प्रदान गरे, लागु औषध छुटाउने आफ्नै चाख भएकाले उनीहरुको त्यसो गर्न सक्ने कुराको बखान पनि गरे तर यसले रोकथामको क्षेत्रमा धेरै कम स्वीकार्य भएको सचेतना मात्र फैलौना सक्यो । यसको अर्थ, अधिकांस ब्यतिहरुका लागि सामान्य स्वास्थ्य सूचना उनीहरुको लागु औषध कटौती गर्ने सम्बाहक बन्न सक्दैन ।

शुरुवात बाटै, नार्कोनन रोकथाम तालिमका सामग्रीहरुले सुचनाको सहि संचार एबम संचार्कर्ताको अन्तरक्रियालाई जोड दिदै आएको छ । सहजकर्ता तालिमले म्याकगिरिले ब्याख्या गरेको संचार मनाउने पाँच मोडेललाई सहायता गर्दछ । यस सिद्दान्त अनुसार, प्रभावकारी शिक्षक बन्न उसले श्रोतको ध्यान खिच्न सक्ने पर्दछ, बोधगम्य हुने पर्दछ, सन्देस बोकेको व्यक्तिलाई स्वीकार गर्ने पर्दछ, त्यस्तो स्वीकार्यता दिर्घकालिन हुनु पर्दछ जुन उचित अवस्थामा कार्यमा बदलिन सक्नु पर्दछ । सहि उत्तर दिने क्षमता जनिएको मुल्य र त्यस सुचनाको उपयोगिता बारेको पप्रश्नको उत्तर दिन सक्षम भए पछी मात्र हुन्छ ।

यस परिणाम सम्म, मनाउना गरिने संचारको सहजीकरण तालिम र मल्टी-मीडिया कार्यक्रमका अंगहरुसंग को तादात्म्यता सुझाव योग्य छ । सिद्दान्तत, लागु औषधको प्रकृति र असर सम्बन्धि विज्ञानमा आधारित सुचानाको संचारले विद्यार्थीको निर्णयलिने क्षमता एबम सजगतामा सहयोग गर्न सक्छ । तर त्यस्ता सूचना सहि एबम विद्यार्थीले समान र प्रशंशा गर्ने खालका हुनु पर्दछ । प्रभावयुक्त प्रतिक्रिया समाहित विद्यार्थीको संतुस्तिको मापन (जस्तै- रमाइलो, बिसयबस्तु मूल्य) को अझ बढी पहिचान गर्नु पर्दछ किनकि तिनीहरुले सत्य/झुट सूचना छुट्याउने महत्वपूर्ण दृष्टिकोण विकास गर्छन ।

## निष्कर्ष

आठ मोड्युलाको व्यापक शैक्षिक पाठ्यक्रमको रुपमा नार्कोनन कार्यक्रमको बिस्तृत सैद्दान्तिक धरातल एबम लागु औषध प्रयोग को उत्पति, ऐतिहासिक सफल रोकथामका भागहरु छन् ।

यस कक्षाकोठामा आधारित कार्यक्रमका सहभागीमा लागु औषध दुर्व्यसनी सम्बन्धि व्यवहार परिबर्तन हुन्छा भन्ने सम्भावना लाइ यसले सहयोग गर्दछ । थपमा नार्कनन नेटवर्कले बलियो संगठनिक संरचना प्रदान गर्छ दिगो र उच्चस्तरको सच्चा कार्यक्रम प्रबर्धन लागु गर्दछ ।

मुल्यांकनका क्रममा नार्कोनन लागु औषध शिक्षा पाठ्यक्रमले यस कार्यक्रम छ महिनामा पुरा हुदा परिक्षण गरिएका हरेक लागु औषध का बर्गमा विश्वसनीयतबरले लागु औषध प्रयोगमा कटौती गर्यो । यी प्रस्नहरुको एक तिहाइ - जो युवाहरुले प्रयोग गर्ने लागु औसधहरु जस्तै रक्सि, सुर्ती, गाँजा, र कडा लागु औषध मुल्यांकन गर्दैछन् उनीहरुले लागु औसधको प्रयोगमा तथ्यांकीय गिरावट आएको देखाए । हालसालै उपलब्ध र सुरुवात गरे पनि एम्फेटामाइन्स र सिफारिस नगरिएको एम्फेटामाइन्स दुबैको प्रयोग घट्नु महत्वपूर्ण कुरा हो । लागु औषध दुरुपयोग व्यवहारमा नापिएको कमिहरुमा हुने बिस्वसनियताले नार्कोनन लागु औषध शिक्षा पाठ्यक्रमको लागि सबैभन्दा बिस्वासिलो समर्थन प्रदान गर्छ ।

लागु औषध प्रयोगको व्यवहार कटौती गर्न यस कार्यक्रमको क्षमता गलत सन्देशहरुकै बीच पनि रह्यो जसले युवाहरुलाई शसक्तिकरण गर्न, आफ्नो निष्कर्ष निकाल्न र बिशेष गरि आफ्नो अन्तरव्यक्तिगत क्षमता विकास गरि उचित समुहको नियम बिकासमा टेवा पुर्यायो । यी परिवर्तनहरुले जोखिमलाइ हेर्ने दृस्टीकोणमा उतारचाडब ल्याउने नतिजा ल्याउछ र व्यक्ति र समूहमा प्रवृतिहरु सच्याउछ । जे भए पनि, यस कर्यक्रमकलागी चाहिने कार्यको पद्दति अझ बढी राम्रा औजार प्रयोग गरि यस परिकल्पना परिक्षण गर्ने प्रभावकारी बिश्लेशानको आवस्यकता पर्दछ । CSAP प्रश्नावलीको बिकास व्यापक प्रक्रिया भएता पनि लागु औषध रोकथाम कार्यक्रमका प्रभावकारी अंगलाइ एकाल्याउन बिशेष गरि सिद्दान्त निर्माणको प्रकाशमा अझ बलियो पद्दति आवस्यकता पर्दछ ।

नार्कोनन लागु औसध शिक्षा पाठ्यक्रमले मध्यम र उच्च बिद्यालय तहहरुको लागि प्रस्टै संग सकारात्मक नतिजाहरु देखाउछ र एउटा महत्वपुर्ण र बलियो संदेश लागु औषध प्रतिको बित्रिस्नाको प्रबर्धन गर्ने काम गर्छ । लागु औषध प्रयोग गर्ने बानीको महत्वपूर्ण कटौतीमा नार्कोनन इन्टरनेसनल का यी कार्यक्रमाका सामाग्रीहरु र तिनको कार्वान्यनमा सामाजिक बिषयबस्तु र सामाजिक प्रभाव सिद्दान्त निहित देखिन्छ । तसर्थ यो कार्यक्रम अत्यन्त सबल, केन्द्रिकृत एबम लागु औषध दुर्व्यसनी रोकथाममा महत्वपूर्ण छ ।

छ महिने अनुगमनमा लागु औसधको प्रयोग : उपचार र नियन्त्रण समूहहरुको साधनहरु बिच तुलना ।

| | नियन्त्रण समूह N = ४२० | लागुपदार्थ शिक्षा समूह N = ३८९ | फरक दिशा | डीएफ तहको महत्व = ११ | |
|---|---|---|---|---|---|
| लागु औषध प्रयोगका चरहरु | मध्यक | मध्यक | | एफ | p को अर्थ = |
| बी १ चुरोट (बारम्बरता) | १.३४ | १.२६ | सकारात्मक | ३.३५ | <0.00१ |
| बी २ धुँवारहित सुर्ती | १.३४ | १.२६ | सकारात्मक | ३.३९ | <0.00१ |
| बी ३ चुरोट (परिमाण) धुम्रपान गरेको | १.४९ | १.३५ | सकारात्मक | ३.८९ | <0.00१ |
| बी ४ अल्कोहल | १.५७ | १.४१ | सकारात्मक | १.८७ | 0.0४0 |
| बी ५ मादक पदार्थ सेवन गरि मातेको | १.४३ | १.२४ | सकारात्मक | १.६९ | 0.0७३ |
| बी ६ गाँजा | १.३0 | १.१८ | सकारात्मक | २.२८ | 0.0१0 |
| बी ६ गाँजाको मात्रा धुम्रपान गरेको | १.१८ | १.१३ | सकारात्मक | २.१२ | 0.0१७ |
| बी ८ ग्लु सुँघ्ने | १.१३ | १.0६ | सकारात्मक | 0.८६ | 0.५८४ |
| बी ९ एलएसडी | १.0५ | १.0४ | सकारात्मक | १.१२ | 0.३३९ |
| बी १0 एम्फेटामाइन्स | १.११ | १.0७ | सकारात्मक | २.३५ | 0.00८ |
| बी ११ क्रयाक | १.0६ | १.0३ | सकारात्मक | 0.६८१ | 0.७५८ |
| बी १२ कोकिन | १.0८ | १.0३ | सकारात्मक | 0.९७ | 0.४७१ |
| बी १३ ट्रान्कुइलाइजर् | १.0९ | १.0६ | सकारात्मक | .७३ | 0.७१0 |
| बी१४ बारबीटुरेट्स | १.१0 | १.0५ | सकारात्मक | १.0७ | 0.३८0 |
| बी १५ क्रिस्टल मेथ | १.0७ | १.0४ | सकारात्मक | १.१२ | 0.२७३ |
| बी १६ एम्फेटामाइन w/o R | १.0९ | १.0३ | सकारात्मक | १.५९ | 0.0९८ |
| बी१७ अफिम | १.0४ | १.0३ | सकारात्मक | 0.३२७ | 0.९८0 |
| बी १८ अन्य नार्कोटिक्स | १.0६ | १.0४ | सकारात्मक | १.१३ | 0.३३५ |
| बी १९ परमानन्द | १.0५ | १.0३ | सकारात्मक | .९७ | 0.४७५ |
| बी २0 रुफिज | १.0३ | १.0३ | शुन्य | १.१९ | 0.२८७ |
| बी २१ जीएचबी | १.0२ | १.0४ | नकारात्मक | २.३९ | 0.00६ |
| बी२२ सुपर के | १.0२ | १.0२ | शुन्य | १.९६ | 0.0३0 |

बर्गको किसिम ३ सहितको अनियमित तथ्यांक विश्लेषण प्रयोग गरि आधारभूत फरक नियन्त्रण ।

टेबल ९: कार्यक्रमको बिषय बारे सोधिएको प्रश्नको सहि उत्तर दिने बिद्यार्थीहरुको प्रतिशत

| | नियन्त्रण | | लागु औषध एड | | महत्व तह डीएफ=११ | |
|---|---|---|---|---|---|---|
| | एन=५२४ | एन=४१९ | एन=४३३ | एन=३८८ | | |
| | आधारभूत | ६ महिने अनुगमन | आधारभूत | ६ महिने अनुगमन | एफ | p को अर्थ |
| १. तपाइले लागु औषध प्रयोग गरिन्जेल मात्र यसको दिमागमा प्रभाव रहन्छ । झुटो उत्तर आएको | ५८.८ % | ६८.७% | ५८.०% | ६८.३% | ३.२१ | <०.००१ |
| २. अल्कोहल लागु औषध हैन । गलत उत्तर आएको | ५१.३ % | ५४.९ % | ५३.३ % | ७०.९% | ६.०३ | <०.००१ |
| ३. हरेक लागु औषधले एक मात्र मुख्य असर गर्दछन र तपाइले यस बारेमा चिन्ता लिनु पर्दछ । गलत जवाफ आएको | ६२.२ % | ६९.० % | ५६.४ % | ६३.९ % | ३.७७ | <०.००१ |
| ४. लागु औषध दुरुपयोग को अर्थ अवैधानिक औषधि प्रयोग गर्नु मात्र हो । गलत उत्तर आएको | ७९.० % | ८०.४ % | ७६.७ % | ७९.१ % | ४.२४ | <०.००१ |
| ५. गाँजा प्राकृतिक रुपमा उत्पादन हुने भएकाले यसमा पाइने रसायनहरु शरीरकालागि त्यति खराब हुदैनन् । गलत उत्तर आएको | ७६.९ % | ७४.२ % | ६०.५ % | ६८.८ % | ३.५३ | <०.००१ |
| ६. चलचित्र, टेलिभिजन् एबम पत्रपत्रिकामा बिज्ञापन भएके कारणले युवाहरु लागु औषधको स्वाद लिन थाल्छन । सहि उत्तर आएको | ५७.६ % | ६१.६ % | ४७.६ % | ६४.९ % | ४.७० | <०.००१ |
| ७. तपाइले चाहे पनि नचाहे पनि सबै लागु औषधले तपाइको शरीरको कार्यात्मक प्रक्रिया परिबर्तन गर्दछन । सहि उत्तर आएको | ७६.१% | ७६.४ % | ६५.४% | ७४.५% | २.१५ | ०.०१५ |
| ८. तपाइले एक पटक लागु औषध लिनु भए पछी तपाइले हरेक पटक उक्त लागु औषध लिदा त्यहि असर गर्दछ । गलत उत्तर आएको | ४८.९% | ५७.३% | ४७.३% | ५६.४% | ३.५८ | <०.००१ |
| ९. लागु औषधले तपाइको शरीरमा भिटामिन र खनिज खपत गराउँछ । सहि उत्तर आएको | ३६.३ % | ५०.४% | ३३.०% | ७२.९% | ८.७९ | <०.००१ |
| १०. लागु औषधले तपाइको सम्झन सक्ने क्षमतालाई खाली गरिदिन्छन । सहि उत्तर आएको | ७५.२% | ८०.४% | ६६.५% | ७९.६% | ५.०६ | <०.००१ |
| ११. लागु औषधले मानिसलाई एउटा काम गरिरहेको अवस्थामा पनि अरु नै केहि गर्दछु भनि ढुक्क गर्दछ । सहि उत्तर आएको | ६८.९% | ७३.३% | ६०.०% | ६७.५% | ५.२५ | <०.००१ |
| १२. हल्लुसिनोजिनहरु अन्य लागु औषध जति खराब हेनन् । गलत उत्तर आएको | ५०.६% | ५७.०% | ४२.०% | ५९.०% | २.९० | <०.००१ |
| १३. अल्कोहलका बिज्ञापनहरु २१ बर्ष उमेर माथिका मानिसहरुका लागि मात्र डिजाइन गरिएका हुन् । गलत उत्तर आएको | ५१.७ % | ५९.२% | ४९.९% | ५८.८% | ७.३५ | <०.००१ |
| १४. लागु औषधले तपाइको भावना परिवर्तन गरिदिन सक्छ । लागु औषध प्रयोग गरे लगत्तै मानिस कुण्ठित वा मायालु पनि बन्न सक्छ । सहि उत्तर आएको | ७६.५% | ७९.५% | ७२.३% | ७५.८% | ३.२३ | ०.००३ |

| | नियन्त्रण | | लागु औषध सम्बन्धि प्रचार प्रसार | | महत्वपूर्ण तह डिएफ(df)=११ | |
|---|---|---|---|---|---|---|
| | एन=५२४ | एन=४१९ | एन=४३३ | एन=३८८ | | |
| | आधारभूत | छ महिने अनुगमन | आधारभूत | छ महिने अनुगमन | एफ | p= |
| १५. लागु औषध त्यागी सके पछी, समाप्त- त्यसका कुनै पनि असर शरीरमा रहँदैन । गलत उत्तर आएको | ७६.१% | ७७.३% | ६८.४% | ७०.९% | २.६० | ०.००३ |
| १६. जब तपाइंले हुन्न (नो) भन्न सक्नुहुन्न मानिस कुलतमा फस्छ । | ३१.९% | ३७.९% | २६.१% | २४.५% | २.९५ | ०.००१ |
| १७. बेला बेलामा मात्र लागु औषध लिनु हुन्छ भने त्यस्तो फरक पर्दैन किनकि शरीरले केहि दिनमै त्यस्तो चिज सफा गरिदिन्छ । गलत उत्तर आएको | ६६.४% | ६९.५% | ६३.०% | ७२.९% | ३.५३ | <०.००१ |
| १८. लागु औषधका बारेमा राम्रो जानकारी पाएँ भने मलाई कसरि भन्नु पर्छ भन्ने थाह छ । सहि उत्तर आएको | ४६.९% | ६१.१% | ४९.२% | ६३.४% | २.५६ | ०.००३ |
| १९. मानिसले खुसि हुने व्यक्तिगत उद्धेश्य राख्नु पर्दछ । सहि उत्तर आएको | ६०.१% | ६८.३% | ५२.७% | ६९.३% | ३.२८ | <०.००१ |
| २०. कुनै चिजका बारेमा मैले के सोच्छु वा के महसुस गर्दछु भन्ने बारेमा मलाई संचार गर्न सजिलो छ । सहि उत्तर आएको | ६३.४% | ७०.६% | ५६.८% | ६५.२% | १.३४ | ns |
| २१ मेरो आफ्नै निर्णय लिन मलाई लागु औषध बारे धेरै जानकारी छ । सहि उत्तर आएको | ८०.०% | ८४.२% | ७६.९% | ८१.७% | २.७७ | ०.००२ |
| २२. कसैले लागु औषध लिन कर गरेता पनि मा सजिलै बिरोध जनाउन सक्छु । सहि उत्तर आएको | ७२.३% | ७८.८% | ७०.०% | ७४.५% | २.७७ | ०.००२ |
| २३. मैले पहिले पनि लागु औषध लिन कर गर्दा अस्विकार गरेको छु । सहि उत्तर आएको | ६६.४% | ६९.२% | ५८.९% | ६८.३% | .८८ | ns |
| २४ . भबिस्यमा मा लागु औषध लिन पनि सक्छु । गलत उत्तर आएको | ६४.९% | ६५.९% | ६०.७% | ६०.८ % | २.७४ | ०.००२ |
| २५. लागु औषधहरु त्यति खराब पनि हुदैनन् । गलत उत्तर आएको | ७९.४ % | ८१.६ % | ७०.९ % | ७५.० % | १.९१ | ०.०३५ |

बर्गको किसिम ३ सहितको अनियमित तथ्यांक विश्लेषण प्रयोग गरि आधारभूत फरक नियन्त्रण ।

## सन्दर्भ सामग्रीहरू :


१. जोन्सन एलडी, ओ÷मल्ले पीएम, बच्म्यान जेजी, सुलेंबर्ग जेई,ः लागु औषध प्रयोग सम्बन्धि भविष्यको रास्ट्रिय सर्वेक्षण मनिटरिंग माध्यमिक बिद्यालयका बिद्यार्थीहरु भाग-१ बेथिस्डा, एम डीः लागु औषध बारे राष्ट्रिय संस्था, २००६

२. राष्ट्रिय लागु औषध नियन्त्रण नीतिको कार्यालय (ONDCP)ः शुरु हुनु पुर्व नै लागु औषध रोक्ने-शिक्षा एबम सामुदायिक कार्य राष्ट्रिय लागु औषध नियन्त्रण नीति वासिंगटन डिसीः राष्ट्रपतिको कार्यकारी कार्यालय, २००७

३. फस्टर एसई, भाग्न आर डी, फस्टर डब्ल्युएच, क्यालीफानो जेए जुनिअरले कम उमेरका मानिसले गर्ने मद्यपान तथा बयास्काले गर्ने दुरुपयोग तथा उनीहरुको अल्कोहल उद्योगमा पर्ने परनिर्भरताको वित्तीय मुल्य अनुमान गरे । आर्क पेडीएटर एडोलेस मेड २००६, १६०:४७३-८

४. राष्ट्रिय लागु औषध नियन्त्रण नीतिको कार्यालय (ONDCP)ः संयुक्त राज्यमा लागु औषध दुरुपयोगको मितव्ययी लागत, १९९२-२००२ । वासिंगटन डिसीः राष्ट्रपतिको कार्यकारी कार्यालय, २००७ २०७३०३), २००४ ।

५. हेज आरडी, एलिक्सन पीएलः लागु औषध र किशोरावस्थामा आउने फरक व्यवहार बिचको दुर्व्यसनी व्यवहार १९९६, २१:२९१-३०२

६. डिवे जेडीःबिद्यालय पक्षहरु र आधारभूत, मध्यम र उच्च बिद्यालयका बिद्यार्थीहरुमा पाइने तत्व प्रयोगको सम्बन्ध पुनरावृति गर्ने । जे परिम प्रेभ १९९९, १९:१७७-२२५

७. एलिक्सन पीएल, म्याक गुएन केए, एडम्स भी, बेल आरएम, हेज आरडीः किशोरहरु एबम संयुक्त राज्यमा अल्कोहल दुरुपयोगःकुनै पनि परिभाषामा, ठुलो समस्या हो । दुर्व्यसन १९९६, ९१:१४८९-५०३ ।

८. जोंस्टन एलडी, ओ मले पीएम, बच्मन जेजीः लागु औषध प्रयोग सम्बन्धि भविष्यको रास्ट्रिय परिणाम अनुगमन माध्यमिक बिद्यालय बिद्यार्थी पुस्तक १ रिंग

९. बट्भिन् जिजे, बेकर डयुजनबरी एल, बट्भिन् ईएम, डिअज़ टीः गोरा मध्यम बर्गीय समुहमा गरिएको अनियमित लागु औषध दुरुपयोग रोकथाम परिक्षणको दिर्घकालिन परिणाम जामा १९९५, २७३:११०६-१२

१०. चाउ सीपी, मन्टगमरी एस, पेंज़ एमए, रबाक एलए, जोन्सन सिए, फले बीआर, म्याककिनन डीपीः लागु औषधको उच्च जोखिममा परेका किशोर किशोरीहरूमा लागु औषध न्यूनीकरण गर्न संचालित सामुदायिक रोकथाम कार्यक्रमका प्रभावहरु एएम जे जन-स्वास्थ्य १९९८, ८८:९४४-८ ।

११. लागु औषध दुर्व्यसनी रोकथाम केन्द्र (CSAP) संयुक्त राज्यको स्वास्थ्य तथा मानब सेवाको बिभागः मुख्य उपायको पहलः फेज १ सिफारिस बेथिस्डा, एम डी, २००३ ।

१४. फिसर जीआइ, ह्यारिसन टीसीः लागु औषध दुर्व्यसनः बिद्यालय परामर्शक, सामाजिक कार्यकर्ताहरु, थेरापिस्ट एबम परामर्शकहरुका लागि जानकारी दोश्रो संस्करण निधम हाइट्स, एमएः एल्लिन र ब्याकन;२०००:३०६-३२८

१५. इभान्स आरआइ, हण्डरसन् ए, रैंस बीः बालबालिका एबम किशोर किशोरीमा धुम्रपानः मनोबैज्ञानिक निर्धारक एबम रोकथामका रणनीतिहरु निडारेस मनागर १९७९:६९-९६

१६. बत्भिन जीजे, बत्भिन ईएमः बिद्यालय र समुदायमा आधारित रोकथामका पद्दतिहरु लागु औषध दुर्व्यसनमाः व्यापक पुस्तक दोश्रो संस्करण लाविन्सन जेएह, रुइज़ पी, मिलिम्याँ आर बी, ल्यांगरड जेजी द्वारा सम्पादित बाल्तिमर, एम डीः विलियम्स र विल्केंस, 1992M910-९२७

29. गुडस्त्रत एमएसः उत्तर अमेरिकामा बिद्यालय आधारित लागु औषध शिक्षाः के खराब छ? के गर्न सकिन्छ त? जे सच हेल्थ १९८६:५६: २७८-८१ ।

30. पोलिस जे एम, इल्लिक्सन पीएल, रयूटर पी, कहान जेपीः किशोरावस्थामा लागु औषध प्रयोग नियन्त्रण गर्ने रणनीतिहरु, सान्ता मोनिका, सीएः र्यान्द कर्पोरेसन, १९८४ ।

31. म्याकगिर डब्ल्युजेः प्रवृतिको स्वभाव र प्रबित्ति सामाजिक मनोविज्ञानको हाते पुस्तिकामाः सामाजिक परिवेशमा व्यक्तिः पुस्तक ३ लिन्ड्से जी, अरोंसन ई द्वारा सम्पादित रिडिंग, एम एः एडिसन विज्ली, १९६९:१३६-३१४ ।